गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०४    संख्या:- ०६    मिति:- २०७८/११/२३

भाग – २

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०७८**

## १. परिचय

वि सं २०७२ मा जारी नेपालको संविधानमा राज्यका निर्देशक सिध्दान्तहरुमा उल्लेखित नेपालको स्वतन्त्रता सार्वभौमिकता भौगोलिक अखण्डता र स्वाधिनतालाई सर्वोपरी राख्दै नागरिकको जिउ धनको सुरक्षा एवम् समानता र स्वतन्त्रताको संरक्षण गरी काननको शासन मौलिक हक तथा मानव अधिकारको मूल्य मान्यता लैङ्गिक समानता र समानुपातिक समावेशीकरण सहभागिता एवम् सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरिने व्यवस्था छ ।सो अनुरुप यस गाउँपालिकाले आफ्नो क्षेत्रको बहुजातिय बहुसाँस्कृतिक बहुभाषिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्दै वर्गीय जातीय लैङ्गिक र छुवाछुत लगायत सबै प्रकारका विभेदको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने लैङ्गिक समानता समावेशी र सहभागितामूलक सिध्दान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ध्येय राखेको छ ।

मुलुकमा राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ समेत कार्यान्वयनमा आइसकेको सन्दर्भमा यस गोसाईकुण्ड गाउँपालिका पनि आफैंमा बहुजातिय बहुभाषिक बहुधार्मिक बहुसाँस्कृतिक र भौगोलिक रुपमा विविधतायुक्त क्षेत्र हो । प्रत्येक समुदाय जातजातीहरुको समानुपातिक सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्र गाउँपालिकामा दीगो शान्ति उन्नति सम्भव हुन्छ । अतः समाजमा विद्यमान लैङ्गिक जातिय क्षेत्रिय लगायत सबै प्रकारका असमानता र विभेदयुक्त व्यवहार एवम् मान्यतालाई निरुत्साहित गर्न गाउँपालिकाद्वारा सरकारी

गैरसरकारी निजी क्षेत्र तथा नागरिक समाजको सहयोग परिचालन गर्ने कार्य हुँदै आएका छन् ।

यस क्षेत्रमा वसोवास गर्ने सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएका महिला दलित आदिवासी जनजाती पिछडिएको वर्ग लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति असक्त वा असहाय र आर्थिक रुपले विपन्न नागरिकहरुको संरक्षण सशक्तिकरण र विकासको लक्ष्यसाथ गाउँ कार्यपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. गाउँपालिकामा लैससासको अवस्थाः

यस गाउँपालिकाले लैससास सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्राथमिकतामा राखेको छ । गाउँपालिकामा अपाङ्गता सम्बन्धी कार्यविधिहरुको व्यवस्था छ । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गका लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था छ ।अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुलाई नियमानुसार नियमित परिचयपत्र वितरण गरिएको छ । बालविवाह लैङ्गिक हिंसा तथा घरेलु हिंसाका घटनाहरुलाई प्राथमिकता दिएर निरुपण गरिएका छन् ।महिला बालबालिका तथा आर्थिक रुपले बहिष्करणमा रहेका नागरिकहरुका लागि सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिएका छन् । वार्षिक रुपमा ज्येष्ठ नागरिक सम्मान तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री र व्यवसाव प्रवर्द्धनका कार्यक्रमहरु परिचालित छन् । गाउँपालिकाबाट अनुदान प्रदान गरिएका पूवाधार्र निर्माण तथा व्यवसायिक कार्यका उपभोक्ता समितिमा कर्तिमा एक तिहाइ महिला पदाधिकारीहरु राखिनु पर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ ।

## ३. लैससास नीतिको आवश्यकता

लैससासका क्षेत्रमा नीतिगत तथा व्यवहारिक रुपले सुधारका पहल भए तापनि दलित महिला अपाङ्गता भएका व्यक्ति बालबालिका ज्येष्ठ नागरिक आदिवासी जनजाति र विपन्न वर्ग लगायत आर्थिक रुपले पछाडि रहेका नागरिकहरुको सम्मानजनक जीवनयापनमा उल्लेख्य सुधार हुन सकेको छैन । लक्षित वर्गमा आफ्नो अधिकार र विद्यमान कानुनी व्यवस्थाको पहिचानमा कमि छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता हुन सकेको छैन ।प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैनन् ।दलितहरुमाथि हुने छुवाछुत लगायतका व्यवहारमा अपेक्षित सुधार भएको छैन ।अतः समुदायका सबै वर्ग लिङ्ग जातजाति धर्म र क्षेत्रका जनताको हित तथा सुधार गरी समन्यायिक र शान्तिपूर्ण सह अस्तित्वको वातावरण सिर्जना

गर्न गाउँपालिकाले लैससासलाई नीतिगत रुपमा सम्बोधन गर्दै संरचनात्मक कार्यक्रम र अभ्यास अबलम्बन गर्नु आवश्यक रहेको छ ।

## ४. सोच लक्ष्य र उद्देश्यहरु

४.१ सोचः भेदभावरहित समतामूलक समृध्द र न्यायपूर्ण समाजको निर्माण गर्ने .

४.२ लैङ्गिक जातिय वर्गीय नागरिकको सशक्तिकरण गरी सबै खाले हिंसा र विभेदको अन्त्य गर्दै राष्ट्र र सामाजिक विकासको मूलप्रवाहिकरण समाहित गर्ने ।

### ४.३ उद्देश्यहरु

क. सामाजिक र आर्थिक रुपमा बञ्चितीकरणमा रहेका समुहको सामाजिक आर्थिक तथा राजनीतिक सशक्तिकरण गरी आधारभुत अधिकारहरुको सुनिश्चित गर्ने ।

ख. लैङ्गिकता र जातजाति जस्ता आधारमा हुने हिंसा विभेद र बहिस्करणको अन्त्य गर्ने ।

ग. राजनीतिक सामाजिक र आर्थिक लगायत सबै सार्वजनिक संस्थागतका निर्णायक तहमा महिला तथा लक्षित वर्ग जातजातिको सम्मानजनक सहभागिता र पहुँचको सुनिश्चित गर्ने ।

घ. विशेष प्राथमिकतामा रहेका लक्षित समुहहरुको क्षमता विकास तथा स्वरोजगारीका अवसर वृद्धि गर्ने ।

ङ. गाउँपालिकामा लैससास सम्बन्धी नीतिगत व्यवस्था संरचना र कार्यक्रमहरुको प्रवर्द्धन गर्ने ।

च. गाउँपालिका क्षेत्रका सबै वडा र कार्यालयहरुमा लैससास नीति कार्यान्वयनको अभ्यास गर्ने ।

छ. गाउँपालिका र यस अन्तर्गतका योजना निर्माण प्रक्रिया कार्यान्वयन अनुगमन र मूल्याङ्कन प्रक्रियामा लैससासमैत्री कार्य प्रणाली अबलम्बन गर्ने गराउने ।

५. प्रमुख नीतिहरु

५.१ लैङ्गिक हिंसा सामाजिक भेदभाव बहिष्करणको अन्त्यका लागि न्यायमा समान पहुँच र आवश्यकतानुसार संरक्षणात्मक उपायहरु अबलम्बन गरिनेछ ।

५.२ लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिबृद्धि र जीवनस्तर सुधारका लागि उपयुक्त कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।

५.३ लैङ्गिक हिंसा सम्बन्धी घटनाको कानुनी तथा न्यायिक सुनुवाइको सुनिश्चितता गरिनेछ ।

५.४ सबै प्रकारका हिंसा शोषण तथा विभेद र बहिस्करण विरुध्द शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।

५.५ आर्थिक सामाजिक र राजनीतिक रुपले विपन्न र एकल महिलाहरुको आय आर्जन क्षमता विकास र सशक्तिकरण गर्ने कार्यहरु कार्यान्वयनमा ल्याइनेछ ।

५.६ गाउँपालिकाको बजेट प्रणालीमा सुधार गर्दै लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गर्दै लगिनेछ ।

५.७ मानव बेचबिखन ओसारपसार तथा गम्भिर प्रकृतिका जातियता र लैङ्गिकतामा आधारित हिंसा अन्त्यका लागि अभियानका रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन एवम् हिंसा पिडित तथा प्रभावितहरुका लागि अल्पकालिन र दीर्घकालिन संरक्षणको व्यवस्था गरिनेछ ।

५.८ परम्परागत कुरीतिपूर्ण हानिकारक अभ्यासहरुको अन्त्यका लागि समुदायको नेतृत्वमा सहभागितामूलक सचेतना अभियान सञ्चालन गरिनेछ ।

५.९ महिलाको यौन तथा प्रजनन अधिकारको सुनिश्चित गरिने छ । लिङ्ग पहिचान हुने गरी गरिने गर्भपतनलाई निरुत्साहित गर्न विद्यमान कानुनको पालनामा कडाइ गरिन्छ ।

५.१० कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र दुराचारको अन्त्यका लागि आवश्यक पहल गरिन्छ ।

५.११ गाउँपालिकामा सबै जाति वर्ग लिङ्ग धर्म क्षेत्रका नागरिकको विस्तृत विवरणसहितको तथ्याङ्क व्यवस्थापन गरी सो अनुरुप योजना निर्माण र कार्यान्वयन गरिनेछ ।

५.१२ महिला दलित आदिवासी अल्पसंख्यक लोपोन्मुख जाति र विपन्न वर्गका नागरिकको सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अवसरहरु प्रदान गर्ने र अर्थपूर्ण सहभागिता गरिनेछ ।

५.१३ आर्थिक क्रियाकलाप उद्यमशीलता र रोजगारी लगायतका अवसरहरुमा सबै नागरिकहरुको समावेशी प्रतिनिधित्व प्रबर्धन गरिनेछ ।

५.१४ विभिन्न जातजाती र समुदायको लोपोन्मुख भाषा एवं संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिने व्यवस्था मिलाइनेछ ।

५.१५ दलित पिछडिएको जातजाती लगायत विशेष समुह समुदायको परम्परागत पेशाको संरक्षण प्रबर्धन र व्यवसायीकरणमा जोड दिइनेछ ।

५.१६ हिंसा तथा दुर्व्यवहारमा परेका ज्येष्ठ नागरिक महिला तथा अन्य नागरिकहरुलाई संरक्षण उपचार र निःशुल्क मनोविमर्श सेवा उपलब्ध गराइनेछ ।

५.१७ संविधानको धारा २४ मा उल्लेखित छुवाछुत विरुध्दको हक कार्यान्वयनका सम्बन्धमा आवश्यक नीति कार्यक्रम र बजेट व्यवस्थापन गरी गाउँपालिकालाई छुवाछुतमुक्त घोषणाका लागि अघि बढाइनेछ ।

५.१८ निःशुल्क उपचार स्यास्थ्य वीमा औषधी तथा अन्य सेवा सुविधाका लागि अति गरिब दलित र अन्य गरिब समुदायलाई पहुँच विकास गरिनेछ ।

५.१९ स्थान विशेषमा आधारित कृषि घरेलु र मझौला उद्योगलाई विशेष प्राथमिकता दिई त्यस्ता कार्यहरुमा दलित तथा पिछडिएका समुदायको सहभागिता गराउन बजेट तथा कार्यक्रम तय गरिनेछ

५.२० गाउँपालिकाभित्र सञ्चालन हुने ठूला आयोजनाहरुमा अति विपन्न दलित तथा अन्य अति विपन्न समुदायलाई प्राथमिकताका आधारमा शेयर दिने व्यवस्था मिलाइनेछ ।

५.२१ महिला बालबालिका दलित अपाङ्गता भएका व्यक्ति र पिछडिएका समुदायको समुन्नतिका लागि प्रत्येक अवसरमा उनीहरुको समानुपातिक सहभागिता गर्न नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ

५.२२ नेपालले महिला बालबालिका आदिवासी जनजाति अपाङ्गता र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय घोषणाका प्राबधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न जोड दिइनेछ ।

## ६. रणनीति तथा कार्यनीति

यो नीति कार्यान्वयनका लागि देहायका रणनीति तथा कार्यनीतिहरु अबलम्बन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लैससास को अवधारणालाई नीति तथा योजना प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ। | १ नीति नियम कार्यविधि अदि बनाउँदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई समावेश र सम्बोधन गरिनेछ।<br>२ तथ्याङ्क व्यवस्थापन प्रणालीमा सबै लिङ्ग तथा सामाजिक समुहहरुको खण्डीकृत तथ्याङ्क राख्न व्यवस्था गरिनेछ।<br>३ योजना निर्माण प्रक्रियामा सबै लिङ्ग तथा आर्थिक र सामाजिक समुह समुदायहरुको सहभागिता सुनिश्चित गरिनुका साथै समानुपातिक लाभ पाउने सुनिर्श्चित गरिनेछ।<br>४ विकास प्रक्रियामा कोही नछुटुन सम्बन्धी मान्यतालाई आत्मसात गरी नीति तयार गरिनुका साथै सोहट्ठ अनुसार कार्यान्वयन गरिनेछ।<br>५ लैङ्गिगत तथा सामाजिक हिंसाहरुमा शुन्य सहनशिलता अपनाइनेछ। |
| २ प्राविधिक तथा गुणस्तरीय शिक्षामा समावेशी पहुँच वृध्दि गरिनेछ। | १ समावेशी शैक्षिक गुणस्तर वृध्दि गर्न निरन्तर अनुगमनलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२ प्राविधिक शिक्षामा सामाजिक र आर्थिक रुपमा वहिस्करणमा रहेका समुदायको पहुँच वृध्दि गरिनेछ।<br>३ सबै तह र सबै पृष्ठभूमिका विद्यार्थीहरुमा समान पहुँच रहने गरी विद्युतीय सूचना प्रविधिको उपलब्धता र सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको अभ्यास हुने वातावरण तयार गरिनेछ। |
| ३ बालमैत्री छात्रामैत्री तथा अपाङ्गतामैत्री शैक्षिक पूर्वाधार सामग्री र उपकरणको व्यवस्था गरी शिक्षा प्रणालीमा समावेशीता प्रबर्धन गरिनेछ। | १ सबै विद्यालयमा बालमैत्री छात्रामैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माणलाई प्राथमिकता दिइनेछ।<br>२ सबै विद्यालयमा सेनेटरी प्याडको उपलब्धता र प्रयोगलाई व्यवस्थित गराइनेछ।<br>३ विद्यालयमा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिनेछ। छात्राले प्रयोग गर्ने शौचालय छात्रामैत्री हुनेछ।<br>४ अपाङ्गता भएका छात्रछात्राका लागि सहज शैक्षिक सिकाइ वातावरण तयार गरिनेछ। |

| | |
|---|---|
| ४ ज्येष्ठ नागरिकहरुको सम्मानका लागि आवश्यक व्यवस्था गरिनेछ । | १ बैंकहरुसँग सहकार्यमार्फत घुम्ती बैंकिङ सेवा विस्तार गरी सामाजिक सुरक्षा भत्ता टोल/ वस्तीमा वितरण गर्ने व्यवस्थासाथ ज्येष्ठ नागरिकको जीवन सहज बनाइनेछ ।<br>२ हरेक वडामा प्रतिक्षालय निर्माण गरी ज्येष्ठ नागरिकहरु र युवाहरुबीच छलफल/अन्तरक्रियामार्फत् ज्येष्ठ नागरिकको ज्ञान तथा अनुभवलाई नयाँ पुस्तामा हस्तान्तर हुने वातावरण सिर्जना गरिनेछ ।<br>३ ज्येष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य उपचार, सम्मान कार्यक्रम र ज्येष्ठ नागरिकहरुमाथि हुन सक्ने विभेदको अन्त्य गर्न आवश्यक नीति कार्यक्रम र सेवाको व्यवस्था गरिनेछ । |
| ५ लक्षित वर्गको सशक्तिकरण तथा क्षमता विकास गरिनेछ । | १ गाउँपालिका तथा वडास्तरमा सबै लक्षित वर्गका सञ्जाल गठन गरी क्रियाशील गराइनेछ ।<br>२ परम्परागत हानिकारक अभ्यासहरुको अन्त्य गर्न प्रभावकारी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३ निर्णायक तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताका लागि नीतिगत तथा व्यवहारिक किसिमले अग्रसरता विकास गरिनेछ ।<br>४ लक्षित वर्गमा अधिकार र कानुनी व्यवस्थाको सम्बन्धमा क्षमता विकासका गतिविधि सञ्चालन गरिनेछ ।<br>५ एकल महिला तथा विशेष प्राथमिकता क्षेत्रका समुहहरुका लागि सीपमूलक तालिम, व्यवसाय प्रबर्धन तथा अन्य क्षमता वृद्धिका कार्यक्रमहरुमा प्राथमिकता दिई स्वरोजगारका अवसर वृद्धि गरिनेछ । |
| ६ लक्षित वर्गलाई स्वरोजगार तथा सुरक्षाको व्यवस्था गरिनेछ | १ महिला दलित अपाङ्गता भएका व्यक्ति र विशेष समुह समुदायको स्थानीय स्तरमा रोजगारीका अवसरको सिर्जना गर्न उनीहरुको सिप र व्यवसाय प्रबर्धन, पुनर्ताजगी तालिम तथा आवश्यक कार्यविधि जारी गरी विउ पूँजी वितरण गरिनेछ ।<br>२ लैङ्गिक हिंसाका घटना पिडित तथा प्रभावितहरुका लागि आवश्यतानुसार सुरक्षित आवाससहित जिविकोपार्जन कार्यक्रम प्रदान गर्न विभिन्न निकायसँग समन्वय गरिनेछ ।<br>३ अनाथ तथा असहाय ज्येष्ठ नागरिकहरुको उचित व्यवस्था सहित आवासीय सेवा उपलब्ध गराउन अन्य संघसंस्थाहरुको सहयोग जुटाउन आवश्यक समन्वय, सहकार्य गरिनेछ । |

## ७. लैससास नीतिको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

### ७.१ लैससास नीतिको कार्यान्वयन

गाउँपालिकामा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामार्फत आवश्यक कर्मचारी तथा स्रोतको व्यवस्था गरी नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ । लैससास सम्पर्क विन्दुको व्यवस्था गरिनेछ । सम्बन्धित शाखा वा सम्पर्क विन्दुमार्फत लैससास सवालहरुको सम्बोधन गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न विशेष गरी निम्नानुसारका कार्यहरु समेटिनेछन्

लैससाससँग सम्बन्धित नीतिगत व्यवस्था गर्ने

- गाउँपालिकामा लैससास वा सम्बन्धित फोकल शाखाको सुदृढिकरण गर्ने,
- लैससासको कार्य सहजताका लागि सम्पर्क विन्दुको व्यवस्था गर्ने,
- महिला, दलित, आदिवासी जनजाति लगायत विशेष समुह, समुदायको सशक्तिकरणका लागि समन्वय समितिको गठन र क्रियाशीलता गर्ने,
- गाउँ कार्यपालिका तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठनसहित नीतिगत तहमा प्रभावकारी संरचना तयार गरी क्रियाशील बनाउने,
- न्यायिक समितिलाई समेत लैससाससँग सम्बन्धित सवालमा क्रियाशील बनाउने,
- लैससाससँग सम्बन्धित विषयवस्तु तथा सवालमा जनप्रतिनिधि, कर्मचारी, सरोकारवालाहरु तथा नागरिकहरुको क्षमता विकास गर्ने,
- वडा समितिहरुको सहजिकरणमा सबै गाउँ, वस्तीमा विभिन्न समुहहरुको प्रतिनिधित्व हुने गरी लैससास मूलप्रवाहीकरण संयन्त्रहरुको व्यवस्था गर्ने,
- विकास प्रक्रियामा कोही नछुटुन् (Leave no one behind) सम्बन्धी मान्यतालाई गाउँपालिकाका नीति तथा कार्यक्रममा आत्मसात गरिनेछ ।

- लैङ्गिक तथा सामाजिक हिंसाहरुमा शुन्य सहनशीलतालाई प्रबर्धन गरिनेछ ।

## ७.२ लैससास नीतिको अनुगमन तथा मूल्याङ्कन

यो नीतिको कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मूल्याङ्कन योजना तय गरिएको छः

| अनुगमन र मूल्याङ्कन | समयावधि | जिम्मेवारी |
|---|---|---|
| चौमासिक प्रगति समिक्षा | प्रत्येक ४।४ महिनामा | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| अनुगमन | नियमित तथा निरन्तर | गाउँपालिका, सरोकारवाला र सामाजिक संघसंस्थासहित गठित समितिबाट |
| वार्षिक समिक्षा तथा वार्षिक कार्ययोजना तर्जुमा | प्रत्येक वर्षको जेठ मसान्तभित्र | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| लैससाससँग सम्बन्धित तथ्याङ्क अद्यावधिक | प्रत्येक ६।६ महिना | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र अन्य सम्बन्धित शाखा |
| लैसासाससँग सम्बन्धित वार्षिक स्थिति प्रतिवेदन प्रकाशन | वार्षिक | गाउँ कार्यपालिका तहको लैससास समिति |
| नीतिको कार्यान्वयन र उपलब्धीका सम्बन्धमा सार्वजनिक सुनुवाई | वार्षिक | गाउँपालिका तथा वडा कार्यालय |

## ८. नीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरु

परम्परागत हानीकारक अभ्यास तथा समाजमा रहेका हिंसा, विभेद लगायतका अभ्यासहरुले लैससासमा सबैको साथ नरहन पनि सक्दछ ।समाजमा विभिन्न खालका लैससास विरुध्दका गतिविधि भैरहँदा पनि यस्ता सवालमा आवाज दिनका लागि समाज तयार नहुन सक्छ ।समाजमा हिंसा विभेद भएको अवस्थामा पनि सरोकारवालाहरु चुप रहन सक्दछन् ।यस्ता जोखिमहरुको न्युनिकरणका लागि जनप्रतिनिधिहरुको नेतृत्वमा सामुहिक प्रतिबध्दता अभियान सञ्चालन गरिनेछ ।गाउँपालिकाले विभिन्न सरोकारवालाहरुको समन्वयमा अनुगमन गर्नेछ ।

गाउँपालिकाका नीति, योजना र कार्यक्रममा विशेष लक्षित समुहको सर्वोत्तम हितलाई प्राथमिकतामा राखिनेछ ।विशेष लैङ्गिक समुह समुदायमाथि हुने कुनै पनि प्रकारका हिंसा, विभेद, शोषण, बेवास्ता र हानिकारक अभ्यासहरुमा गाउँपालिकाले शुन्य सहनशिलताको नीति अबलम्बन गर्नेछ ।

## ९. नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन

गाउँपालिकाले यो नीतिको कार्यान्वयनका लागि स्रोतको व्यवस्थापन गर्नेछ । स्रोत व्यवस्थापनका लागि गाउँपालिकाले विभिन्न सरोकारवाला निकाय, संघसंस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ ।

## १०. लैससास अभियानका लागि सरोकारवालाहरु

लैससास नीतिका सम्बन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक रुपमा वडागत रुपमा मुख्य सरोकारवालाहरुको पहिचान गरिने छ । यी सरोकारवालाहरुको समन्वय, साझेदारी र नेतृत्वमा यो नीतिलाई कार्यान्वयनमा ल्याइनेछ । नीतिको कार्यान्वयनका लागि गाउँपालिका र वडा दुवै तहमा लैससास बहुसरोकारवाला भेला संयन्त्र गठन र सोको क्रियाशिलता गराइनेछ ।

## ११. नीतिको प्रचार प्रसार

स्थानीय संचार माध्यमहरुसँग सहकार्य गरी लैससास नीति र यसका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ ।गाउँपालिकाको वेभसाइट, विद्युतीय सामाजिक संजालहरुमा यस नीतिमा भएका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । गाउँपालिका क्षेत्रमा रहेका एफ. एम. रेडियो, टेलिभिजन यस नीति प्रचार प्रसारको संवाहक हुनेछन् । गाउँपालिकाका विभिन्न स्थलगत कार्यक्रम तथा मेसेन्जर समुहबाट पनि नीतिको प्रचार हुनेछ ।

## १२. नीतिको पुनरावलोकन

यो नीतिको प्रत्येक वर्ष वार्षिक समीक्षा गरी समयक्रम अनुसार पुनरावलोकन गरिनेछ । वार्षिक समीक्षाबाट प्राप्त सुझावहरु गाउँ कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट पारित गरेर गाउँसभामार्फत यस नीतिको परिमार्जन वा पुनरावलोकनसहित कार्यान्वयन गरिनेछ ।

## १३. मुल्य, मान्यताहरु

लैससासको प्रबर्धनका लागि यस गाउँपालिकाको निम्न मुल्य मान्यताहरु रहेका छन् । यीनै मूल्य मान्यताको प्रबर्धनमार्फत लैससास नीतिका उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुग्नेछ ।

क) गाउँपालिकाको अगुवाईमा उपलब्ध स्रोत तथा साधनहरुको लैससास अभियानमा बढोत्तरी हुने,

ख) यस क्षेत्रका सबै खालका दुर्व्यवहार, विभेद, शोषण, हिंसामा शुन्य सहनशिलता अपनाउने,

ग) लक्षित समुहको सर्वोत्तम हित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

घ) लैससासका लागि प्रभावकारी समन्वय र सहकार्यलाई प्रबर्धन गर्ने,

ङ) लैससासलाई नीतिगत संरचना र अभ्यासमा मूलप्रवाहीकरण गर्ने ।

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत